लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
नेपालगंज, बाँके



# वार्षिक प्रगति प्रतिवेदन
# आर्थिक वर्ष २०८२/२०८३

श्रावण, २०८३

# कार्यालय प्रमुखको भनाइ (प्राक्कथन)

देशको सर्वाङ्गीण आर्थिक विकास र समृद्धिका लागि लघु, घरेलु तथा साना उद्योगहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण र मेरुदण्डको रूपमा रहेको छ। स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, प्रविधि र कच्चा पदार्थको समुचित उपयोग गर्दै स्वरोजगार र रोजगारीका अवसरहरू सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन यिनको भूमिका रहेकोमा यस कार्यालयले उद्योग प्रशासन, उद्योग प्रवर्द्धन तथा वाणिज्य प्रशासनसम्बन्धी कार्यहरु निरन्तर गर्दै आइरहेको छ।

आर्थिक वर्ष २०८२/०८३ को यस वार्षिक प्रगति प्रतिवेदनमा यस कार्यालयबाट सम्पादन गरिएका उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी नियमित प्रशासनिक कार्यहरू, उद्यमशीलता विकास र सीपमूलक तालिमहरू, बजार नियमन र अनुगमनका कार्यहरूका साथै वित्तीय प्रगति र राजस्व संकलनको यथार्थ विवरण समावेश गरिएको छ। यस आर्थिक वर्षमा बाँके जिल्लामा ६२७ नयाँ उद्योग र ६२६ नयाँ वाणिज्य फर्महरू दर्ता भई कुल ६७३ जना नयाँ उद्यमी तथा २,८६१ जना नयाँ रोजगारका अवसरहरू सिर्जना भएका छन्, जसले जिल्लाको आर्थिक गतिविधि बढाउन महत्त्वपूर्ण योगदान पुर्याएको छ। साथै, यस वर्ष आंशिक कार्यालय पर्खाल प्लस्टर तथा रंगरोगन, कार्यालयको फाइलिङ्ग व्यवस्थापन, सेवाग्राहीको वसाइ व्यवस्थापन पंखासमेतको व्यवस्था, स्टनपान कक्ष निर्माण, गुनासो पेटिकाको व्यवस्था, सेवाग्राहीलाई पानीको व्यवस्था लगायतका दैनिक प्रशासनिक कार्यहरु पनि गरिएको छ।

यस वर्षका कार्यहरू सफलतापूर्वक सम्पन्न गर्नका लागि अमूल्य मार्गदर्शन प्रदान गर्नु हुने उद्योग, पर्यटन, यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, तथा लुम्बिनी प्रदेश सरकारका सम्पूर्ण तालुक निकायहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै, कार्यक्षेत्रमा निरन्तर खटिएर उदाहरणीय सेवा प्रवाह गर्ने कार्यालयका सम्पूर्ण कर्मचारी साथीहरू, स्थानीय तहका पदाधिकारीहरू तथा उद्योगी-व्यवसायी मित्रहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा दर्ता प्रक्रियालाई पूर्ण रूपमा डिजिटल बनाई अनलाइन प्रणाली लागू गर्ने र मागमा आधारित वास्तविक तालिमहरू सञ्चालन गर्ने हाम्रो लक्ष्य रहेको छ।

..................................

(मोहन घर्ती मगर)
निमित्त प्रमुख उद्योग अधिकृत
घरेलु तथा साना उद्योग कार्यालय, बाँके

# परिच्छेद १: कार्यालयको परिचय र जनशक्ति विवरण

घरेलु तथा साना उद्योग कार्यालय, बाँकेले हाल नेपालगन्ज उप-महानगरपालिका वडा नं. १८, कारकाँदोस्थित आफ्नै सरकारी भवनबाट नियमित सेवा प्रवाह गरिरहेको छ। कार्यालयको स्वामित्वमा कित्ता नं. ५०८ अनुसार ०-४-० क्षेत्रफल भएको जग्गा रहेको छ। यस कार्यालयले बाँके जिल्लाभर औद्योगिक तथा वाणिज्य प्रशासन सम्बन्धी कामहरू, सीपमूलक तालिम, उद्योग प्रवर्द्धन, उद्यमशीलता विकास र उपभोक्ता हित संरक्षण सम्बन्धी बजार अनुगमन तथा नियमनका कार्यहरू सम्पादन गर्दै आएको छ।

## १.१ स्वीकृत दरबन्दी तथा कार्यरत जनशक्ति

कार्यालयमा हाल स्वीकृत दरबन्दीमध्ये ६ जना स्थायी कर्मचारी र सेवा प्रवाहलाई चुस्त बनाउन करार अन्तर्गतका ६ जना कर्मचारी गरी जम्मा १२ जना जनशक्ति कार्यरत रहेका छन्।

# परिच्छेद २: कानुनी तथा नीतिगत व्यवस्था

## २.१ उद्योग वर्गीकरण सम्बन्धी नीति

प्रचलित औद्योगिक व्यवसाय ऐन, २०७६ तथा नयाँ प्रादेशिक औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, २०८१ अनुसार उद्योगहरूलाई लगानी, ऊर्जा र स्थिर पुँजीको आधारमा वर्गीकरण गरिएको छ:

- लघु उद्यम: घरजग्गा बाहेक स्थिर पुँजी बढीमा २० लाख रुपैयाँसम्म भएको, उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको, बढीमा ९ जना कामदार रहेको र वार्षिक कारोबार १ करोड भन्दा कम भएको व्यवसाय।
- घरेलु उद्योग: परम्परागत सीप, कला र संस्कृतिमा आधारित, श्रममूलक र स्थानीय कच्चा पदार्थ तथा प्रविधिमा आधारित उद्योग, जसमा मेसिनरी प्रयोग भएको भए ५० किलोवाट भन्दा कम क्षमताको विद्युतीय ऊर्जा खपत हुने व्यवस्था।
- साना उद्योग: लघु उद्यम र घरेलु उद्योग बाहेक स्थिर पुँजी बढीमा १५ करोड रुपैयाँसम्म भएको उद्योग।
- मझौला उद्योग: स्थिर पुँजी १५ करोड रुपैयाँ भन्दा बढी र ५० करोड रुपैयाँसम्म भएको उद्योग।
- ठूला उद्योग: स्थिर पुँजी ५० करोड रुपैयाँ भन्दा बढी भएको उद्योग।

## २.२ अधिकार प्रत्यायोजन तथा कार्यक्षेत्र

प्राइभेट फर्म दर्ता तथा साझेदारी (पहिलो संशोधन) नियमावली, २०८२ बमोजिम घरेलु तथा साना उद्योग कार्यालयहरूलाई पुँजीको आधारमा कार्यसम्पादन गर्ने अधिकार क्षेत्र निम्नानुसार परिमार्जन गरी तोकिएको छ:

- घरेलु तथा साना उद्योग कार्यालय: १५ करोड रुपैयाँसम्म पुँजी भएका फर्महरूको दर्ता, नवीकरण, अद्यावधिक र खारेजी सम्बन्धी सम्पूर्ण कार्य गर्ने अधिकार।
- उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय: १५ करोड रुपैयाँदेखि ५० करोड रुपैयाँसम्म पुँजी भएका फर्महरूको दर्ता, नियमन, नवीकरण र खारेजी गर्ने अधिकार।

# परिच्छेद ३: उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी प्रगति विवरण

आर्थिक वर्ष २०८२/०८३ मा बाँके जिल्लाभित्र उद्योग तथा वाणिज्य प्रशासन अन्तर्गत भएका नयाँ फर्म दर्ता, नवीकरण, खारेजी तथा समग्र स्थिति तालिकामा प्रस्तुत गरिएको छ। यो वर्ष कुल ६२७ उद्योग र ६२६ वाणिज्य फर्म नयाँ दर्ता भएका छन्।

> *विशेष उल्लेखनीय तथ्याङ्क: यस आर्थिक वर्षको अन्त्यसम्म बाँके जिल्लामा दर्ता भएका कुल उद्योगको संख्या १५,८०७ र वाणिज्य फर्मको संख्या २१,९८० पुगेको छ। यो वर्ष दर्ता भएका नयाँ उद्योग तथा वाणिज्य फर्महरूबाट कुल २,८६१ नयाँ रोजगारी सिर्जना भएको छ।*

| क्र.सं. | विवरण | गत आ.व. सम्मको संख्या | यस आ.व.को संख्या | हालसम्मको जम्मा संख्या | गत आ.व. को तुलना |
|---|---|---|---|---|---|
| १ | उद्योग दर्ता | १५,१८० | ६२७ | १५,८०७ | ६५७ (गत आ.व.) |
| २ | उद्योग नवीकरण | - | १,१०१ | - | १,०४२ (गत आ.व.) |
| ३ | उद्योग खारेजी | - | २६५ | - | ३०९ (गत आ.व.) |
| ४ | वाणिज्य दर्ता | २१,३५४ | ६२६ | २१,९८० | ७१२ (गत आ.व.) |
| ५ | वाणिज्य नवीकरण | - | १,६८८ | - | १,६६१ (गत आ.व.) |
| ६ | वाणिज्य खारेजी | - | ३५६ | - | ५२७ (गत आ.व.) |
| | | | | | |

## ३.२ नयाँ उद्यमी तथा रोजगारी सिर्जना र बजार अनुगमन

| क्र.सं. | सूचकको प्रकार | यस आ.व. २०८२/८३ को विवरण |
|---|---|---|
| १ | नयाँ सिर्जित उद्यमी संख्या | ६७३ जना (महिला: २३७, पुरुष: ४३६) |
| २ | नयाँ सिर्जित रोजगारी संख्या | २,८६१ जना (महिला: १,१७३, पुरुष: १,६८८) |
| ३ | बजार अनुगमन संख्या | ७ पटक |
| ४ | उद्योग निरीक्षण संख्या | ११ पटक |

# परिच्छेद ४: स्वीकृत वार्षिक कार्यक्रम तथा भौतिक/वित्तीय प्रगति

यस कार्यालयले लुम्बिनी प्रदेश सरकारबाट विनियोजित बजेट तथा स्वीकृत वार्षिक कार्यक्रम अनुसार औद्योगिक प्रवर्द्धन, श्रम तथा रोजगार व्यवस्थापन र वाणिज्य तथा आपूर्ति प्रवर्द्धनका क्षेत्रमा थुप्रै लक्षित सीपमूलक तालिमहरू तथा सचेतनाका कार्यक्रमहरू सञ्चालन गरेको छ। स्वीकृत बजेटका आधारमा कार्यक्रमहरूको विस्तृत प्रगति विवरण निम्नानुसार प्रस्तुत गरिएको छ:

## ४.१ औद्योगिक प्रवर्द्धन कार्यक्रम तर्फको प्रगति (बजेट उपशीर्षक नं: ३०७०००१७३)

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (हजार) | सञ्चालित मुख्य क्रियाकलाप | खर्च (हजार) | प्रगति % |
|---|---|---|---|---|---|
| १ | मुढा बनाउने तालिम | ४०० | २४ जना कैदीबन्दीहरूलाई ३० कार्यदिने तालिम | ३८८.५ | ९७.१% |
| २ | ढकिया बनाउने तालिम | ४०० | बैजनाथ-१ मा २० जना जनजाति महिलाहरूलाई | ४००.० | १००% |
| ३ | दुना टपरी बनाउने तालिम | ८०० | २१ जनालाई ७ दिने उद्यमशीलता र सीप तालिम | ५९६.० | ७४.५% |
| ४ | वादी समुदाय लक्षित तालिम | ४०० | २१ जना वादी महिलाहरूलाई डलकुशन तालिम | २९३.८ | ७३.५% |
| ५ | वेतबाँस फर्निचर तालिम | ८०० | १६ जनालाई ४५ दिने फर्निचर तालिम | ६७१.७ | ८४.०% |
| ६ | होजियारी तालिम | ४०० | २० जनालाई ३० कार्यदिने होजियारी तालिम | ३९६.६ | ९९.२% |
| ७ | कैदीबन्दी माग तालिम | ४८० | ३० जनालाई ३० दिने बाँस ह्याण्डिकाफ्ट तालिम | ४२४.९ | ८८.५% |
| ८ | बुटिक तालिम (६५ दिने) | ८०० | १९ जना महिलाहरूलाई ३९० घण्टे तालिम | ८००.० | १००% |
| ९ | उद्योग अनुगमन | १६० | उद्योग दर्ता अनुगमन, ईँटा र पानी उद्योग | ९१.९ | ५७.४% |
| १० | ऋण प्राप्ति सहजीकरण | २४० | २ वटा व्यावसायिक योजना निर्माण अन्तरक्रिया | २१९.५ | ९१.५% |
| ११ | गुणस्तर र लेबलिङ | १६० | होटल, खाद्य र महिला उद्यमीहरूलाई तालिम | १६०.० | १००% |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | बेरोजगार युवा लक्षित उद्यमशिलता कार्यक्रम | २४० | २ वटा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | २४०.० | १००% |
| १३ | स्थानीय तह कर्मचारी अन्तरक्रिया | १६० | ८ वटै स्थानीय तहका कर्मचारीलाई अनुशिक्षण | १५६.९ | ९८.०% |
| १४ | उद्यमी एक्सपोजर भिजिट | २४० | पाल्पा, रुपन्देही, दाङका सफल उद्योग भ्रमण | २४०.० | १००% |
| १५ | दिवस समारोह प्याकेज | ८० | उद्योग दिवस र उपभोक्ता दिवस सरोकारवालासँग | ७०.२ | ८७.७% |
| १६ | उत्कृष्ट उद्यमी सम्मान र पुरस्कार | ८० | २ जना उत्कृष्ट उद्यमीलाई सम्मान गरिएको | ७४.० | ९२.५% |
| १७ | विगतका तालिमप्राससँग छलफल | १६० | तालिम प्राससँग उद्यमशीलता परामर्श कार्यशाला | १६०.० | १००% |

## ४.२ श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम (बजेट उपशीर्षक नं: ३०७०००२२३)

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (हजार) | सञ्चालित मुख्य क्रियाकलाप | खर्च (हजार) | प्रगति % |
|---|---|---|---|---|---|
| १ | General Cook तालिम | ८०० | २० जनालाई ३९० घण्टे तालिम र सीप परीक्षण | ७९९.८ | ९९.९% |
| २ | गरगहना निर्माण तालिम | ८०० | सूचना प्रकाशन गरिएको तर आवेदन प्राप्त नभएको | ३४.५ | ४.३% |
| ३ | एडभान्स ब्युटिसियन तालिम | ८०० | २० जनालाई ३९० घण्टे तालिम र सीप परीक्षण | ७७३.६ | ९६.७% |
| ४ | मन्टेश्वरी तालिम | ८०० | १९ जनालाई मन्टेश्वरी तालिम र सीप परीक्षण | ८००.० | १००% |
| ५ | सारङ्गी बनाउने तालिम | ४०० | २० जनालाई सीप विकास तालिम प्रदान गरिएको | ४००.० | १००% |
| ६ | श्रमिक सञ्चालसँग अन्तर्क्रिया | २०० | श्रमिक र सञ्चालसँग श्रमकानुन, सामाजिक सुरक्षा कोष र दर्ता प्रकृयासम्बन्धी अन्तरक्रिया | १७९.५ | ८९.८% |
| ७ | एडभान्स सिलाई कटाई तालिम | ८०० | २० जनालाई ३९० घण्टे एडभान्स तालिम | ७९७.५ | ९९.७% |
| ८ | वैदेशिक रोजगारबाट फर्केका सीप परीक्षण | २०० | सूचना जारी भएको तर सहभागिता नजनाएको | ५७.६ | २८.८% |

## ४.३ वाणिज्य तथा आपूर्ति प्रवर्द्धन कार्यक्रम (बजेट उपशीर्षक नं: ३०७०००१६३)

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (हजार) | सञ्चालित मुख्य क्रियाकलाप | खर्च (हजार) | प्रगति % |
|---|---|---|---|---|---|
| १ | वाणिज्य जनचेतना कार्यक्रम | १२० | ब्रोसर, बुलेटिन प्रकाशन तथा प्रसारण | ११९.० | ९९.२% |
| २ | उद्योग वाणिज्य मेला प्रदर्शनी | १६० | जिल्लाभित्रका मेला र प्रदर्शनीमा सहभागिता | ९०.७ | ५६.७% |
| ३ | उपभोक्ता शिक्षा कार्यक्रम | २४० | ३ वटा विद्यालयमा उपभोक्ता अधिकार शिक्षा | २१८.३ | ९१.०% |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गुणस्तरीय वस्तु र सेवा कार्यशाला | १०० | गावर भ्यालीमा व्यवसायीहरूसँग कार्यशाला | ९९.७ | ९९.७% |
| ५ | वाणिज्य बजार अनुगमन | २२८ | २४ पटकको लक्ष्यमा ७ पटक अनुगमन सम्पन्न | ११६.० | ५०.९% |

# परिच्छेद ५: वित्तीय तथा राजस्व स्थिति

## ५.१ समग्र वित्तीय प्रगति विवरण

आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयका लागि विनियोजित कुल बजेट ३,०३,९२,००० रुपैयाँ (तीन करोड तीन लाख बान्नब्बे हजार) रहेकोमा सोको कुल खर्च २,२५,१२,९५०.२२ रुपैयाँ (दुई करोड पच्चीस लाख बाह्र हजार नौ सय पचास रुपैयाँ र बाईस पैसा) भएको छ। समग्र रूपमा यस कार्यालयको कुल वित्तीय प्रगति ७४.०८% हासिल भएको छ।

| बजेट उपशीर्षक नं. | कार्यक्रम/कार्यालय शिर्षक | विनियोजित बजेट (रु.) | यस आ.व. को खर्च (रु.) | वित्तीय प्रगति |
|---|---|---|---|---|
| ३०७०१०१२४ | घरेलु कार्यालय (साधारण/प्रशासनिक) | २२,००,०००.०० | २१,९९,३६८.०० | ९९.९७% |
| ३०७०१०१२३ | घरेलु कार्यालय (पुँजीगत/तालिम) | १,५९,२४,०००.०० | ९८,०४,४२२.३२ | ६१.५७% |
| ३०७०००१७३ | औद्योगिक प्रवर्द्धन कार्यक्रम | ६०,००,०००.०० | ५३,८४,२२३.०० | ८९.७४% |
| ३०७०००२२३ | श्रम तथा रोजगार व्यवस्थापन | ४८,००,०००.०० | ३८,४२,४९९.०० | ८०.०५% |
| ३०७०००१६३ | वाणिज्य तथा आपूर्ति प्रवर्द्धन | १४,६८,०००.०० | १२,८२,४३८.०० | ८७.३६% |
| कुल जम्मा | घरेलु तथा साना उद्योग कार्यालय, बाँके | ३,०३,९२,०००.०० | २,२५,१२,९५०.२२ | ७४.०८% |

## ५.२ राजस्व सङ्कलन सम्बन्धी तुलनात्मक विवरण

यस आर्थिक वर्षमा कुल राजस्व सङ्कलन १,६३,०७,७९५ रुपैयाँ (एक करोड त्रिसाठी लाख सात हजार सात सय पन्चानब्बे रुपैयाँ) भएको छ। जुन गत आर्थिक वर्षको कुल राजस्व संकलन (१,९७,३१,७८५ रुपैयाँ) को तुलनामा १७.३५% (३४,२३,९८० रुपैयाँ) ले कम रहेको छ। राजस्व संकलन घट्नुको मुख्य कारण उद्योग तथा वाणिज्य नयाँ दर्तामा आएको सामान्य शिथिलता, स्थानीय तहमा दर्ता शुरुवात, सरकारबाट भएको छुट सुविधा र खारेजीमा वृद्धि हुनु हो। राजस्व संकलनको विस्तृत शिर्षकगत विवरण निम्न तालिका बमोजिम रहेको छ:

| राजस्व शीर्षक | शीर्षक विवरण | राजस्व सङ्कलन (रु.) | कैफियत / क्षेत्र |
|---|---|---|---|
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ९६,४१,७७५.०० | वाणिज्यतर्फ दर्ता/नवीकरण शुल्क समेत |

| | | | |
|---|---|---|---|
| १४२५३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | ६६,६६,०२०.०० | उद्योगतर्फ दर्ता/नवीकरण शुल्क समेत |
| जम्मा | घरेलु तथा साना उद्योग कार्यालय, बाँके | १,६३,०७,७९५.०० | कुल राजस्व संकलन |

## ५.३ बेरुजु फछ्यौंट सम्बन्धी स्थिति

सुशासन र आर्थिक पारदर्शिता कायम गर्ने सवालमा यस कार्यालयले उल्लेखनीय सुधार गरेको छ। हाल कार्यालयको असुल गर्नुपर्ने बेरुजु शुन्य (0) रहेको छ।

# परिच्छेद ६: समस्या, चुनौती तथा भावी कार्यदिशा

## ६.१ कार्यक्रम सञ्चालनका क्रममा आइपरेका समस्या र चुनौतीहरू

- मागमा आधारित तालिमको अभाव: सञ्चालन गरिएका कतिपय तालिमहरू स्थानीय बजार वा सहभागीहरूको मागमा आधारित भन्दा बढी माथिबाट लादिने प्रकृतिको भएकाले सहभागी पाउन र टिकाउन कठिन भएको छ।
- अन्तर-निकाय समन्वयको अभाव: स्थानीय तहहरूले आवश्यक औद्योगिक तथा व्यावसायिक कानुन समयमै निर्माण नगर्दा प्रदेश तथा संघीय कानुनका प्रावधानहरू पूर्ण रूपमा लागू गर्न कठिनाइ भएको छ।
- दर्ता र नवीकरण प्रक्रियामा सेवाग्राहीको असहजता: मन्त्रालयले समयमै आवश्यक नियमावली र मापदण्ड जारी नगरेका कारण सेवा प्रवाहमा एकरूपता ल्याउन र सेवाग्राहीलाई झन्झटरहित दर्ता गराउन कठिनाइ भएको छ।
- प्रविधिको अपर्याप्तता: हाल कार्यालयले प्रयोग गरिरहेको औद्योगिक तथा व्यावसायिक सूचना प्रणाली (Easy Industry) निकै पुरानो भएकाले तथ्याङ्क व्यवस्थापन ढिलो र झन्झटिलो बन्दै गएको छ।

## ६.२ समस्या समाधानका लागि सिफारिस तथा भावी कार्यदिशा

- तालिम कार्यक्रमको विविधीकरण: केही लक्षित र परम्परागत सीप प्रवर्द्धन बाहेकका अन्य सम्पूर्ण सीपमूलक र उद्यमशीलता विकासका तालिमहरू स्थानीय बजारको माग र सहभागीहरूको इच्छामा आधारित हुनुपर्ने।
- कानुनी तथा नीतिगत स्पष्टता: तालुक मन्त्रालयले औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, २०८१ बमोजिमको नयाँ नियमावली र अन्य कार्यविधि तत्काल निर्माण गरी लागू गर्नुपर्ने र यसको कार्यान्वयनका लागि सम्पूर्ण स्थानीय तहहरूमा परिपत्र गर्नुपर्ने।
- पूर्ण डिजिटल प्रणालीको विकास: दर्ता र नवीकरण प्रक्रियालाई झन्झटमुक्त र पारदर्शी बनाउन अनलाइन प्रणाली (जस्तै: CAMIS) लागू गरिनुपर्ने, जसले गर्दा व्यवसायी आफैंले घरैबाट कागजातहरू अपलोड गर्न सकुन् र तथ्याङ्क चुस्त रहोस्।
- प्रविधि स्तरोन्नति र आईटी अडिट: हाल प्रयोगमा रहेका सफ्टवेयरहरूलाई सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानसँग समन्वय गरी अपडेट गर्ने र कार्यालयमा नियमित रूपमा आइटी अडिट कार्यलाई प्राथमिकता दिने।
- अधिकार प्रत्यायोजन र दिग्दर्शन (SOP): अनुगमन अधिकृत तोकी जरिवाना गर्ने लगायतका आवश्यक अधिकारहरू कार्यालय प्रमुख वा तोकिएका कर्मचारीलाई प्रत्यायोजन गरिएमा बजार नियमन र राजस्व संकलन अझ बढी प्रभावकारी हुने।

- कार्यालयको पूर्वाधार विकास: नयाँ कार्यालय भवन निर्माण भइसकेको सन्दर्भमा यसको दीर्घकालीन व्यवस्थापनका लागि रङ्गरोगन, सेवाग्राही प्रतिक्षालय निर्माण र गार्डेनिङ्गका लागि आवश्यक थप बजेट विनियोजन हुनुपर्ने।